# फाकफोकथुम गाउँपालिकाको विनियोजन ऐन, २०८०

## फाकफोकथुम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## इलाम जिल्ला
## कोशी प्रदेश

गाउँसभाबाट स्वीकृत मिति: २०८०।०३।१०

प्रमाणिकरण मिति: २०८०।०३।२९

दिपेन्द्र खनाल

अध्यक्ष

# फाकफोकथुम गाउँपालिकाको विनियोजन ऐन, २०८०

**गाउँसभाबाट स्वीकृत मिति:** २०८०।०३।१०
**प्रमाणिकरण मिति:** २०८०।०३।२९

**प्रस्तावना:** फाकफोकथुम गाउँपालिकाको आर्थिक बर्ष २०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम फाकफोकथुम गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"फाकफोकथुम गाउँपालिकाको विनियोजन ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ५८,७७,८८,०००।-** (अक्षेरुपी **रु. अन्ठाउन्न करोड सतहत्तर लाख अठासी हजार रुपैया** मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन:** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त फाकफोकथुम गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समित्ति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

दिपेन्द्र खनाल
अध्यक्ष

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट त्यो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**४. कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सकने:** (१) यस ऐनको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्नेछ।

**५.अदेश जारी गनि सकने:** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा स्थानीय सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गनि सक्नेछ।

**(२) उपदफा (२) बमोहजमको आदेश स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।**

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुनें रकम

| सि.नं. | आम्दानीका श्रोत तथा क्षेत्रहरु | रकम | | |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | खर्च प्रतिशत |
| १ | चालुतर्फ (गाउँ कार्यपालिकाको कार्यालय संञ्चालन तथा प्रशासनिक खर्च) | ९०,१४५,००० | ९ करोड १४ लाख ५ हजार | १५.३४ |
| २ | संघीय सरकार शसर्त योजना/कार्यक्रहरु | २७०,८००,००० | २७ करोड ८० हजार | ४६.०७ |
| ३ | संघीय सरकार समपुरक योजना | १०,०००,००० | १ करोड | १.७० |
| ४ | संघीय सरकार विशेष अनुदान योजना | ८,२००,००० | ८२ लाख | १.४० |
| ५ | संघीय सरकार समपुरक योजना | १०,०००,००० | १ करोड | १.७० |
| ६ | कोशी प्रदेश सरकार शसर्त योजना/कार्यक्रहरु | १०,२४३,००० | १ करोड २४ लाख तीन हजार | १.७४ |
| ७ | कोशी प्रदेश समपुरक योजना | १०,०००,००० | १ करोड | १.७० |
| ८ | वडा सिलिङ योजना/कार्यक्रहरु | ३५,०००,००० | ३ करोड ५० लाख | ५.९५ |
| ९ | भुक्तानी बाँकी योजनाहरु(अनुमानिंत) | १५,०००,००० | -१ करोड ५० लाख | २.५५ |
| १० | साना सिंचाई लागत साझेदारी कार्यक्रम | ९,४००,००० | चौरानब्बे लाख | १.६० |
| ११ | गाउँपालिका पूँजिगत(शाखागत, विषयगत कार्यक्रम तथा योजनाहरु ) | ११९,०००,००० | एघार करोड | २०.२५ |
| | जम्मा | ५८७,७८८,००० | रु. ५८ करोड ७७ लाख ८८ हजार रुपैया | १००.०० |

दिपेन्द्र खनाल
अध्यक्ष

अनुसूची–२
(दफा २ को उपदफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट जम्मा हुने आम्दानीका स्रोतहरु

| सि.नं. | आम्दानीका श्रोत तथा क्षेत्रहरु | रकम | | |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | खर्च प्रतिशत |
| १ | संघीय सरकार सशर्त अनुदान | २७०,८००,००० | २७ करोड ८० हजार | ४६.०७ |
| २ | संघीय सरकार समानीकरण अनुदान | ९५,३००,००० | ९ करोड ५३ लाख | १६.२१ |
| ३ | संघीय सरकार राजस्व बाँडफाँड | ८०,०६६,००० | ८ करोड ६६ हजार | १३.६२ |
| ४ | संघीय सरकार समपुरक अनुदान | १०,०००,००० | १ करोड | १.७० |
| ५ | संघीय सरकार विशेष अनुदान | ८,२००,००० | ८२ लाख | १.४० |
| ६ | कोशी प्रदेश सरकार सशर्त अनुदान | १०,२४३,००० | १ करोड २४ लाख तीन हजार | १.७४ |
| ७ | कोशी प्रदेश सरकार समानीकरण अनुदान | ५,८२९,००० | ५८ लाख २९ हजार | ०.९९ |
| ८ | कोशी प्रदेश सरकार राजस्व बाँडफाँड | ४,८६४,००० | ४८ लाख ६४ हजार | ०.८३ |
| ९ | कोशी प्रदेश सरकार समपुरक अनुदान | १०,०००,००० | १ करोड | १.७० |
| १० | अन्तर सरकारी वित्तिय हस्तान्तरण माग | ५०,०००,००० | ५ करोड | ८.५१ |
| ११ | वर्गिकरण नभएको (अन्य श्रोत) | ४१,४८६,००० | ४ करोड १४ लाख ८६ हजार | ७.०६ |
| १२ | बैंक मौज्दात | ० | ० | ०.०० |
| १३ | आन्तरिक आय अनुमान | १,०००,००० | ७० लाख | ०.१७ |
| जम्मा | | ५८७,७८८,००० | रु. ५८ करोड ७७ लाख ८८ हजार रुपैया | १००.०० |

दिपेन्द्र घनाल
अध्यक्ष